# लोक सेवा आयोग

नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन समूह, निरीक्षण उपसमूह, राजपत्राङ्कित तृतीय श्रेणी (प्राविधिक) पदको, प्रतियोगितात्मक लिखित परीक्षा

**Key ( C )** २०७५।१।२६

समय :- १ घण्टा १५ मिनेट पत्र :- प्रथमं पूर्णाङ्क :- १००

विषय:- शिक्षाशास्त्र र नेपालमा शिक्षा ।

बस्तुगत बहुउत्तर (१००×१ अङ्क ):–

**उत्तरपुस्तिकामा प्रश्नपत्रको KEY अनिवार्य रूपले उल्लेख गर्नुपर्नेछ । उल्लेख नगरेमा उत्तरपुस्तिका रद्द हुनेछ । साथै परीक्षामा Calculator, Mobile प्रयोग गर्न पाइने छैन ।**

1. विशिष्टीकरण तालिकाको मूख्य काम के हो ?
   (A) शिक्षण सिकाइ कार्य प्रभावकारी बनाउनु (B) मूल्याङ्कनलाई प्रभावकारी बनाउनु
   (C) पाठ्यक्रमका उद्देश्य पुरा गर्नु (D) विद्यार्थीको कक्षोन्नति गर्नु
2. नेपालको पहिलो पाठ्यपुस्तक अक्षराङ्क शिक्षा कुन कार्यक्रमका लागि प्रकाशन गरिएको थियो ?
   (A) आधार पाठशाला (B) श्रेस्ता पाठशाला (C) भाषा पाठशाला (D) संस्कृत पाठशाला
3. तल उल्लेखितमध्ये माध्यमिक तहमा कुन विषयलाई ऐच्छिक दोश्रो पत्रमा राखिएको छ ?
   (A) अर्थशास्त्र (B) गृहविज्ञान (C) शिक्षा (D) जनसंख्या शिक्षा
4. प्राविधिक जनशक्तिको आवश्यकता पुरा गर्न व्यावसायिक शिक्षामा जोड दिने नीति कुन आवधिक योजनाले ल्याएको हो ?
   (A) तेश्रो पञ्चवर्षीय योजना (B) चौथो पञ्चवर्षीय योजना
   (C) पाँचौ पञ्चवर्षीय योजना (D) छैटौ पञ्चवर्षीय योजना
5. व्यावसायिक तथा प्राविधिक शिक्षा प्रदान गर्ने अभिप्रायले राष्ट्रिय व्यवसायिक प्रशिक्षण केन्द्रको स्थापना कहिले भएको थियो ?
   (A) वि.सं. 2024 (B) वि.सं. 2025 (C) वि.सं. 2026 (D) वि.सं. 2027
6. नेपालको इतिहासमा पहिलो प्राविधिक शिक्षालय कुन हो ?
   (A) भेरी प्राविधिक शिक्षालय, बाँके (B) कर्णाली प्राविधिक शिक्षालय, जुम्ला
   (C) सेती प्राविधिक शिक्षालय, डोटी (D) बालाजु प्राविधिक शिक्षालय, काठमाण्डौ
7. प्राविधिक तथा व्यावसायिक तालिम परिषद्को स्थापना तलकामध्ये कुन उद्देश्यले भएको हो ?
   (A) प्राविधिक शिक्षालयहरूको स्थापना र विस्तार गर्ने
   (B) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्वन्धी नीति निर्धारण गर्ने
   (C) प्राविधिक तथा व्यावसायिक तालिमलाई स्तरयुक्त गर्न तथा सीपको स्तर निर्धारण एवं प्रमाणीकरण गर्ने
   (D) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विकास र विस्तार भए नभएको मूल्याङ्कन गर्ने
8. नेपालमा "आधार स्कूल" जसवाट व्यवसायिक शिक्षा दिने व्यवस्था गरिएको थियो, उक्त विद्यालयको अवधारणा को वाट प्रभावित थियो ?
   (A) जवाहरलाल नेहरू (B) महात्मा गान्धी
   (C) जङ्गबहादुर राणा (D) महेन्द्र विरविक्रम शाह
9. "सिकाइ आवश्यकता केन्द्रित हुन्छ र कक्षाकोठामा वन्धित हुंदैन" यो कुन प्रकारको शिक्षा हो ?
   (A) औपचारिक शिक्षा (B) अनौपचारिक शिक्षा (C) विशेष शिक्षा (D) निरन्तर शिक्षा
10. सामुदायिक अध्ययन केन्द्र (CLC) को संग सम्वन्धित छ ?
    (A) औपचारिक शिक्षा (B) अनौपचारिक शिक्षा (C) अतिरिक्त शिक्षा (D) आकस्मिक शिक्षा

Contd……

## C- 2 शिक्षा

11. अनौपचारीक शिक्षा नीति कहिले स्वीकृत भयो ?
(A) 2062 सालमा (B) 2063 सालमा (C) 2064 सालमा (D) 2065 सालमा

12. वैकल्पिक प्राथमिक शिक्षा संचालनको अवधि कति समयको हुनेछ ?
(A) 6 महिना (B) 1 वर्ष (C) 9 महिना (D) 10 महिना

13. निरन्तर सिकाईका पिता कसलाई मानिन्छ ?
(A) Bachelord (B) Plato (C) John Deway (D) Taylor

14. विद्यार्थी भर्ना अभियान तथा विद्यालय स्वागत कार्यक्रम 2066 को नारा के थियो ?
(A) वालमैत्री सिकाइ र समावेशी शिक्षा, हरेक वालवालिका समेट्ने हामी सवै इच्छा
(B) लोकतन्त्रको अनुभूति, नयां संविधान गुणस्तरीय शिक्षाको प्रत्याभूति
(C) नयाँ नेपालको आधार, गुणस्तरीय शिक्षा हाम्रो अधिकार
(D) नयाँ नेपालको अपेक्षा, निशुल्क, गुणस्तरीय एवं समावेशी शिक्षा

15. साङ्ग तथा अपाङ्ग लगायत छात्रा, पिछडिएका समुदायका बालबालिका, शरणार्थी, बिपन्न बालबालिकालाई सँगसँगै राखेर पठनपाठन गराउने शिक्षा पद्दतिलाई के भनिन्छ ?
(A) समाहित शिक्षा (B) सह शिक्षा (C) एकीकृत शिक्षा (D) माथिका सबै

16. वालअधिकार सम्वन्धि महासन्धि 1989 मा शिक्षा सम्वन्धी अधिकारको विषय कुन कुन धारामा समावेश गरिएको छ ?
(A) धारा 29 र 30 (B) धारा 28 र 29 (C) धारा 27 र 28 (D) धारा 26 र 27

17. स्पेनको सालामान्का शहरमा सम्पन्न विशेष शिक्षा सम्वन्धी विश्व सम्मेलन कहिले भएको थियो ?
(A) सन् 1990 (B) सन् 1994 (C) सन् 1972 (D) सन् 1984

18. सुविधा विहीनहरूलाई शिक्षामा छनोट गर्न कस्तो सामाजिक नीति अपनाउनु पर्छ ?
(A) जनघनत्वको आधार (B) शैक्षिक योग्यताको आधार (C) राजनैतिक दवाव (D) सामाजिक निष्पक्षता

19. नेपालको संविधानमा शिक्षा सम्वन्धी हक कुन धारामा रहेको छ ?
(A) 30 (B) 32 (C) 31 (D) 29

20. शिक्षकलाई तालिमको लागि सिफारीस गर्ने काम कसले गर्दछ ?
(A) विद्यालय निरीक्षकले (B) विद्यालय स्रोतव्यक्तिले
(C) जिल्ला शिक्षा अधिकारीले (D) जिल्ला शिक्षा समितिले

21. नेपालमा अनौपचारिक शिक्षा कार्यक्रम संचालन गर्नको लागि तलको कुन निकायले स्वीकृति दिने गरेकोछ ?
(A) जिल्ला शिक्षा कार्यालय (B) अनौपचारिक शिक्षा केन्द्र, शिक्षा मन्त्रालय
(C) जिल्ला अनौपचारिक शिक्षा समिति (D) क्षेत्रीय शिक्षा निर्देशनालय

22. नेपालको संविधानमा शिक्षा सम्वन्धी मौलिक हक अनुरूप तलको कुन भनाई सहि हो ?
(A) प्रत्येक नागरिकलाई माध्यमिक शिक्षामा पहुँचको हक हुनेछ ।
(B) प्रत्येक नागरिकलाई आधारभुत शिक्षामा पहुँचको हक हुनेछ ।
(C) प्रत्येक नागरिकलाई प्राविधिक शिक्षामा पहुँचको हक हुनेछ ।
(D) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निशुल्क पाउने हक हुनेछ ।

23. शिक्षा नियमावली, 2059 अनुसार शिक्षकलाई नसिहत दिने वा दुई ग्रेड तलब वृद्धि रोक्कागर्न सक्ने अधिकारी को हुनेछ ?
(A) निरीक्षक (B) प्रधानाध्यापक
(C) स्रोत व्यक्ति (D) विद्यालय व्यवस्थापन समिति

## C- 3 शिक्षा

24. दुई वा दुई भन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालयमा कायम गर्दा कुन आधार लिनुपर्छ ?
(A) दुई विद्यालय नजिक नजिक भएमा
(B) जिल्ला शिक्षा कार्यालयले चाहेमा
(C) स्थानीय निकायले चाहेमा
(D) दुई वा दुई भन्दा बढी विद्यालयका व्यवस्थापन समितिले एउटै विद्यालयको रूपमा संचालन गर्न संयुक्त निवेदन दिएमा

25. नेपालमा सञ्चालित विश्वविद्यालयहरू - त्रिभुवन विश्वविद्यालय, काठमाण्डौ विश्वविद्यालय, पोखरा विश्व विद्यालय र पूर्वाञ्चल विश्वविद्यालय वाहेक अरू कतिवटा विश्वविद्यालयहरू स्थापना भएका छन् ?
(A) 4 (B) 5 (C) 6 (D) 8

26. Education शब्द ल्याटिन भाषाको Educare बाट आएको हो भन्ने मान्यता राखिएको छ । Educare को शाब्दिक अर्थ नेपालीमा के मानिएको छ ?
(A) माथि उठाउनु (B) ब्युँभ्फाउनु (C) हुर्काउनु (D) माथिका सबै

27. हिन्दु धर्मको प्रमुख धार्मिक ग्रन्थ "गीता" मानिन्छ भने जैन धर्मको प्रमुख धर्मग्रन्थ के लाई मानिन्छ ?
(A) विजक (B) वाइवल (C) त्रिपिटक (D) वचनामृत

28. तलकामध्ये शिक्षा र समाजवीचको सम्वन्ध अन्तर्गत कुन पर्दैन ?
(A) शिक्षाको सामाजिक निर्धारक (B) शिक्षा र संस्कृतिवीचको सम्वन्ध
(C) संस्कृतिको आत्मसातकरण (D) सामाजिक अन्तर्किया

29. तलकामध्ये कुन बुँदाले शिक्षाको बृहत् अर्थ प्रदान गर्दछ?
(A) शिक्षा सिकाई प्रकिया हो (B) शिक्षा आध्यात्मिक प्रक्रिया हो
(C) शिक्षा परिपक्वताको प्रक्रिया हो (D) शिक्षा आजीवन प्रक्रिया हो

30. "शिक्षा एउटा सामाजिक विज्ञानका साथै प्रायोगिक विद्या पनि हो" यो भनाई कसको हो ?
(A) जोन डिवे (B) जामेस डिजि (C) डि. फार्सर (D) प्लेटो

31. "एउटा सिङ्गो मानिसको सम्पूर्ण विकास नै शिक्षा हो" यो भनाई कुन शिक्षा शास्त्रीको हो ?
(A) जोन डिवे (B) प्लेटो (C) कमेनियस (D) सुकरात

32. बुद्ध दर्शनमा उल्लेख भए अनुसार चार बौद्ध तिर्थस्थलहरू कुन कुन पर्दछन् ?
(A) लुम्बिनी, गया, काशी र कुशीनगर (B) कपिलवस्तु, गया, काशी र कुशीनगर
(C) लुम्विनी, सारनाथ, गया र कुशीनगर (D) कपिलवस्तु, लुम्विनी, गया र कुशीनगर

33. सामाजिकरणका तत्वहरूमध्ये तलका कुनचाहिँ पर्दैन ?
(A) संस्कृति (B) प्रेम र स्नेह (C) भाषा (D) सामाजिक अर्न्तक्रिया

34. सामाजिकरणको प्रक्रियामा विद्यालयलाई कस्तो संस्था मान्न सकिन्छ ?
(A) अनौपचारिक संस्था (B) व्यापारिक संस्था (C) औपचारिक संस्था (D) कर्मकाण्ड संस्था

5. सिकाइ के हो ?
(A) जन्मसिद्ध प्राप्त गुण सीप (B) सुभ्फवुभ्फवाट आउने परिवर्तन
(C) परिपक्वतावाट आउने परिवर्तन (D) अभ्यास र अनुभवबाट प्राप्त व्यवहारमा परिवर्तन

अनुसन्धानले देखाए अनुसार बालवालिकाले कक्षाकोठा भित्रको शिक्षण सिकाइमा कक्षाको कुल समयको कति समय खेरफाल्ने (Evaporate) गर्ने गर्दछन् ?
(A) 5% (B) 10% (C) 20% (D) 25%

ज्ञानात्मक क्षेत्रका सिकाइ सिद्धान्तमा तलकामध्ये कुनचाहिँ पर्दछ ?
(A) थर्नडाइक (Thorndike) को सिकाइ सिद्धान्त (B) वाटसन् (Watson) को सिकाइ सिद्धान्त
(C) गेस्टाल्ट (Gestalt) को सिकाइ सिद्धान्त (D) हल (Hull) को सिकाई सिद्धान्त

C- 4 शिक्षा

38. "शैक्षिक प्रविधि भन्नाले प्रयोगात्मक वा व्यवहारीक शैक्षणिक समस्याहरूलाई स्मरण गर्ने तथा यिनीहरूलाई समाधान गर्नका लागी सिकाइमा मनोविज्ञानको प्रयोग गर्नु हो" यो भनाई कसको हो ?
(A) जोन.पि. डिसेको (B) वर्तन (C) जिओ. लेईथ (D) क्रउफोर्ड

39. शिक्षण प्रशिक्षण तालिम सम्वन्धी व्यवहार परिवर्तन प्रविधि कुन सिद्धान्तवाट प्रभावित छ ?
(A) स्किनरको कार्यपरक र व्यवहारकपरक सिद्धान्त (B) प्यावलभ सम्वन्ध प्रत्यावर्तन
(C) थर्नडाइको पुरस्कार सिद्धान्त (D) माथिका B र C दुवैबाट

40. विकासात्मक मनोविज्ञानका क्षेत्रमा विकासात्मक मुद्दाहरूमध्ये तलको कुन होइन् ?
(A) अविच्छिन्नता र विच्छिन्नता (B) व्यक्तिगत र सामुहिक
(C) स्थिरता र परिवर्तन (D) अनुवंशिक र वातावरण

41. संज्ञानात्मक विकासको सिद्धान्त कसले प्रतिपादन गरेका हुन् ?
(A) भिगोत्स्की (B) पियाजे (C) टलम्यान (D) थर्नडाइक

42. मनोवैज्ञानिक भाषामा विकास भन्नाले के बुझिन्छ ?
(A) व्यक्तिमा देखापर्ने परिमाणात्मक परिवर्तन (B) व्यक्तिमा देखापर्ने गुणात्मक परीवर्तन
(C) नाप्न र स्पष्ट देखिन सकीने परिवर्तन (D) निश्चित समयपछि हुने परिवर्तन

43. यौवन अवस्थामा शारिरीक संकट वा खतरामा देखिने तलकोमध्ये कुनचाहिँ पर्दैन ?
(A) विरामीपन (B) आत्महत्या
(C) मृत्यु र दुर्घटना (D) इन्डोक्राइम ग्रन्थीको कार्यक्षमता वढनु

44. वालसमूहको नकारात्मक प्रभाव भित्र तलको कुनचाहिँ मान्न सकिन्न ?
(A) अभिभावक सँगको सन्निकटता (B) विपरित लिङ्गप्रति लैङ्गिक नकारात्मकता
(C) पूर्वाग्रहको विकास (D) वालसमूहभन्दा बाहिरका वच्चाप्रति नकारात्मक व्यवहार

45. बालकको भविष्यको योजनाको निर्माणमा मनोविज्ञानको कुन शाखाले प्रत्यक्ष योगदान पुर्‍याउने गर्दछ ?
(A) बालमनोविज्ञान (B) विकासात्मक मनोविज्ञान (C) शिक्षा मनोविज्ञान (D) माथिका सबै

46. यौवनावस्थामा देखिने खतराहरूमध्ये परिवर्तनका लागि तयारीको अभाव कुन प्रकारको खतरा हो ?
(A) शारीरिक (B) मानसिक (C) मनोवैज्ञानिक (D) सामाजिक

47. सहायक यौन-विशेषताहरू देखापर्न थाल्ने मुख्य अवस्था कुन हो ?
(A) पूर्व युवावस्था (B) युवावस्था (C) उत्तर किशोरावस्था (D) प्रौढावस्था

48. विकासात्मक मनोविज्ञानले मानव जीवनको कुनचाहिँ अवधिको अध्ययन गर्दछ ?
(A) गर्भदेखि बयस्क (B) जन्मदेखि बृद्ध (C) जन्मदेखि युवा (D) जन्मदेखि मृत्यु

49. मनोविज्ञानमा "सम्बेग" शब्दको उत्पत्ति कहाँवाट भएको थियो ?
(A) ल्याटिन (B) फ्रेन्च (C) ग्रीक (D) रोमन

50. आधुनिक पाठयक्रम निर्माणको प्रथमचरण के लाई मान्न सकिन्छ ?
(A) विषयवस्तुको छनौट (B) उद्देश्यहरूको निर्धारण
(C) शिक्षण विधिको छनौट (D) आवश्यकताको पहिचान

51. विद्यार्थीको ज्ञानकोस्तर पत्ता लगाउने उपयुक्त विधि तथा साधन के हो ?
(A) लिखित परीक्षा (B) सीप परीक्षण (C) हिज्जे प्रतियोगिता (D) घटना अध्ययन

52. विषय केन्द्रित् पाठ्यक्रमको विशेषता कुन होइन ?
(A) समस्या समाधान गर्न प्रोत्साहित गर्नु
(B) वालक वा विद्यार्थीलाई भन्दा सिक्नु पर्ने विषयमा वढी जोड दिनु
(C) सिक्नु पर्ने विषय र ती विषयका पाठयवस्तुमा वढी महत्व दिनु
(D) विषयवस्तुको क्रमिक शृङखलालाई शिक्षण सिकाइका रुपमा सिफारिस गर्नु

Cont

C- 5 शिक्षा

53. पाठ्यक्रमको लक्ष्यका स्रोतहरूमध्ये तलको कुन होइन ?
(A) विषयविज्ञ (B) अभिभावक (C) समकालीन समाज (D) सिकारू

54. "विद्यालयभित्र र वाहिर विद्यार्थीलाई निर्देशित/इच्छित उपलब्धि प्राप्त गराउन विद्यालयले गर्ने सम्पूर्ण प्रयासलाई पाठ्यक्रम भनिन्छ" यो कसको भनाइ हो ?
(A) हिल्डा टावा (B) जोन्सन (C) कनिङ्घाम (D) राल्फ टाइलर

55. आर.डब्लु टाइलरका अनुसार पाठ्यक्रमका तत्वहरू के के हुन ?
(A) लक्ष र उद्देश्य, विषयसूची, सामग्री, क्रियाकलाप (B) उद्देश्य, विषयवस्तु, कार्यनीति र मूल्याङ्कन
(C) उद्देश्य, विषयवस्तु, सिकाइ अनुभव र मूल्याङ्कन (D) उद्देश्य, विषयवस्तु, क्रियाकलाप र मूल्याङ्कन

56. Curriculum शब्दलाई सवैभन्दा पहिले कसले प्रयोगमा ल्याएका हुन ?
(A) हिल्डा टावा (B) टाईलर (C) फ्रङ्कलिन विविट (D) निकोलस

57. नेपालको शिक्षा प्रणालीमा शिक्षाको ध्येय (Goal of education) को उदाहरण कुन हो ?
(A) राष्ट्रिय उद्देश्य (B) तहगत उद्देश्य (C) विषयगत उद्देश्य (D) पाठगत उद्देश्य

58. "तालिमका सिपहरू व्यवहारमा लागु गर्न सके नसकेको" जानकारी प्राप्त गर्न कुनचाहिँ तालिम मूल्याङ्कन उपयुक्त हुन्छ ?
(A) निरन्तर मूल्याङ्कन (B) पृष्ठपोषण सम्वन्धी मूल्याङ्कन
(C) प्रयोगात्मक मूल्याङ्कन (D) निर्माणात्मक मूल्याङ्कन

59. पूर्व निर्धारित मानकका आधारमा विद्यार्थीहरूको वर्गीकरण गर्ने प्रक्रियालाई के भनिन्छ ?
(A) ग्रेडिङ (B) वैकल्पिक ग्रेडिङ (C) लेटर ग्रेडिङ (D) सापेक्षिक ग्रेडिङ

60. नेपालको शिक्षामा पाँचवर्ष मुनिका बालवालिकाहरूलाई दिने शिक्षालाई के भनिन्छ ?
(A) पूर्व प्राथमिक शिक्षा (B) प्रारम्भिक बाल शिक्षा (C) शिशु शिक्षा (D) आधारभूत शिक्षा

61. माध्यमिक शिक्षा विकास परियोजनाको सवैभन्दा महत्वपूर्ण उद्देश्य कुन थियो ?
(A) शिक्षकहरूमा efficiency र Competency वृद्धि गर्ने
(B) पाठ्यपुस्तक, उपकरण, सवारी साधन उपलब्ध गराउने
(C) शिक्षण प्रकृयामा सुधार ल्याउने
(D) पाठ्यपुस्तकमा सुधार गर्ने

62. हाल प्राथमिक तहको बालबालिकाको उमेर समूह कुनलाई मानिन्छ ?
(A) 6-12 वर्ष (B) 6-11 वर्ष (C) 6-10 वर्ष (D) 5-9 वर्ष

63. तल दिइएकामध्ये कुनचाहिँ नेपालको प्राथमिक शिक्षाको उद्देश्य हो ?
(A) सफासुग्घर रहने वानी वसाल्न प्रेरित गर्नु
(B) आधारभूत भाषिक तथा गणितीय सिप विकास गर्नु
(C) भाषिक व्यवहारमा सक्षम र श्रमप्रति सकारात्मक प्रवृत्तिको विकास गर्नु
(D) दैनिक तथा सामाजिक जीवनमा सकृय सहभागिताका लागि भाषिक क्षमताको विकास गर्नु

विद्यालय क्षेत्र सुधार योजना (School Sector Reform Plan, 2009-2015) मा योजनाको अन्तिम वर्ष 2015/16 सम्ममा (प्रारम्भिक बालविकास) कक्षामा कूल भर्ना दर कति पुऱ्याउने लक्ष्य राखिएको थियो?
(A) 87 (B) 90 (C) 93 (D) 99

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानले कहिले देखि एम वि वि एसको अध्यापन शुरू गरेको हो ?
(A) सन् 2009 (B) सन् 2010 (C) सन् 2011 (D) सन् 2012

तल उल्लिखितमध्ये जेठो विश्वविद्यालय कुन हो ?
(A) लुम्बिनी बौद्ध विश्वविद्यालय (B) पोखरा विश्वविद्यालय
(C) पूर्वाञ्चल विश्वविद्यालय (D) मध्यपश्चिम विश्वविद्यालय

Contd..

C- 6 शिक्षा

67. दोश्रो उच्च शिक्षा परियोजनामा सहयोग गर्ने प्रमुख निकाय कुन हो ?
(A) डानिडा
(B) जाइका
(C) विश्वबैंक
(D) एशियाली विकास बैंक

68. कुन विश्वविद्यालयमा शिक्षामा प्रतिव्यक्ति लगानी उच्च देखिएको छ ?
(A) त्रिभुवन विश्वविद्यालय
(B) नेपाल संस्कृत विश्वविद्यालय
(C) पोखरा विश्वविद्यालय
(D) पूर्वाञ्चल विश्वविद्यालय

69. शिक्षा मन्त्रालयको पुस्तकालय समन्वय शाखा तलकामध्ये कुन महाशाखा अन्तर्गत पर्दछ ?
(A) अनुगमन मूल्याङ्कन तथा निरीक्षण महाशाखा
(B) उच्च शिक्षा तथा शैक्षिक व्यवस्थापन महाशाखा
(C) योजना महाशाखा
(D) प्रशासन महाशाखा

70. शिक्षाको संरचनामा उच्च माध्यमिक तहको कक्षा 11 र 12 लाई समावेश गरी पठनपाठन संचालन गर्न कुन शिक्षा आयोगले सुझाव दिएको थियो ?
(A) रा.शि.प.यो 2028
(B) रा.शि.आ. 2049
(C) शाही उच्च शिक्षा आयोग
(D) उ.रा.शि.आ. 2055

71. विद्यालय तहको समकक्षता सम्वन्धी काम गर्ने निकायको सचिवालय कहाँ छ ?
(A) शिक्षा मन्त्रालयमा
(B) शिक्षा मन्त्रालय अन्तरगतको पाठ्यक्रम विकास केन्द्रमा
(C) परीक्षा नियन्त्रण कार्यालयमा
(D) शिक्षा विभागमा

72. नेपालमा शिक्षक सेवा आयोगको गठन कहिले भएको हो ?
(A) 2052 साल माघ 22 (B) 2056 साल चैत्र 28 (C) 2058 साल पुस 15 (D) 2062 साल माघ 20

73. सामुदायिक विद्यालयहरूमा स्थायी भई कार्यरत शिक्षकहरूको अभिलेख राख्ने सवैभन्दा माथिल्लो निकाय कुन हो ?
(A) जिल्ला शिक्षा कार्यालय
(B) क्षेत्रीय शिक्षा निर्देशनालय
(C) विद्यालय शिक्षक कितावखाना
(D) शिक्षा मन्त्रालय

74. शिक्षाका लागि खाद्य कार्यक्रम परियोजना कसको सहयोगमा सञ्चालित छ ?
(A) संयुक्त राष्ट्र संघीय विश्व खाद्य कार्यक्रम
(B) युनेस्को
(C) युनिसेफ
(D) विश्व जनसंख्या कोष

75. जनक शिक्षा सामग्री केन्द्रको औपचारिक स्थापना हुनुअघि कुन रूपमा रहेको थियो ?
(A) मुद्रणालय
(B) लेखक केन्द्र
(C) शिक्षा सामग्री उत्पादन केन्द्र र लेखक केन्द्र
(D) शिक्षा सामग्री उत्पादन केन्द्र

76. शिक्षाको लागि खाद्य कार्यक्रम परियोजनाका निर्देशक कुन श्रेणीका हुने गर्दछन् ?
(A) रा.प. तृतीय श्रेणी (B) रा.प. द्वितीय श्रेणी (C) रा.प. प्रथम श्रेणी (D) रा.प. विशिष्ठ श्रेणी

77. विशेष शिक्षा परिषद् अन्तर्गत स्रोत कक्षा संञ्चालन गरिएका हिमाली र अन्य जिल्लामा अध्ययन गर्नेहरुका लगि वार्षिक कति कतिका दरले छात्रवृत्ति रकम दिइन्छ ?
(A) हिमाली 16 हजार र पहाडी 14 हजार
(B) हिमाली 14 हजार र पहाडी 12 हजार
(C) हिमाली 15 हजार र पहाडी 13 हजार
(D) हिमाली 17 हजार र पहाडी 15 हजार

78. नेपालमा जनसंख्या शिक्षा परियोजना कुन सालदेखि संचालनमा आएको हो ?
(A) सन् 1967 देखि (B) सन् 1971 देखि (C) सन् 1976 देखि (D) सन् 1981 देखि

79. नेपाल राष्ट्रिय पुस्तकालय सर्वसाधारणका लागि कुन सालदेखि खुला गरिएको थियो ?
(A) 2015 साल (B) 2018 साल (C) 2022 साल (D) 2028 साल

80. नेपालमा विशेष शिक्षा परिषदको गठन कहिले भएको हो ?
(A) 2034 साल (B) 2030 साल (C) 2028 साल (D) 2032 साल

Contd...

## C- 7 शिक्षा

81. शिक्षामा मानव अधिकार, मानवीय कानुन, बाल अधिकार र शान्ति क्षेत्र समावेश गरिन्छ भने त्यस्तो शिक्षालाई के शिक्षा भनिन्छ ?
(A) मानवतावादि शिक्षा (B) अहिंसावादि शिक्षा
(C) शान्तिमुखी शिक्षा (D) सामाजिक न्याय सम्वन्धी शिक्षा

82. डा.एस.आर. रंगनाथले प्रतिपादन गरेका पुस्तकालय विज्ञानका सिद्धान्तभित्र तलको कुन पर्दैन ?
(A) पुस्तक प्रयोगको लागी (B) फुर्सदको समयको सदुपयोग गर्न
(C) पाठकको समय वचाउन (D) पुस्तकालय वढी रहने जीव

83. युनेस्कोका लागि नेपाल राष्ट्रिय आयोगको महासचिव को हुने प्रावधान रहेको छ ?
(A) शिक्षा मन्त्री (B) शिक्षा सचिव (C) परराष्ट्र सचिव (D) युनेस्कोका प्रतिनिधि

84. विश्वविद्यालय शिक्षा सम्वन्धमा राष्ट्रिय शिक्षा आयोग 2049 ले दिएको सुझाव कुनचाहिँ होइन ?
(A) उच्चस्तरीय विश्वविद्यालय अनुदान आयोगको गठन गर्नुपर्ने
(B) वेद विद्याश्रम विश्वविद्यालय खोल्नु पर्ने
(C) खुला विश्वविद्यालय स्थापना गर्नुपर्ने
(D) वहु विश्वविद्यालयको धारणा अनुरूप प्रत्येक विकास क्षेत्रमा 1-1 विश्वविद्यालय खोल्नु पर्ने

85. कुन पञ्चवर्षीय योजनाले प्रेत्यक निर्वाचन क्षेत्रमा कम्तीमा एउटा उच्च माध्यमिक विद्यालयमा व्यावसायिक विषय अध्यापन गराउनुपर्ने व्यवस्था गरेको थियो ?
(A) सातौं पञ्चवर्षीय योजना (B) आठौ पञ्चवर्षीय योजना
(C) नवौं पञ्चवर्षीय योजना (D) दशौं पञ्चवर्षीय योजना

86. बाल अधिकार सम्वन्धी महासन्धी कहिले जारी भएको थियो ?
(A) सन् 1972 नोभेम्वर 20 (B) सन् 1974 डिसेम्वर 20
(C) सन् 1980 नोभेम्वर 20 (D) सन् 1989 नोभेम्वर 20

87. नेपालले हालसम्म कतिवटा मानव अधिकार सम्वन्धी महासन्धी तथा प्रोटोकलहरू अनुमोदन गरेको छ ?
(A) 15 वटा (B) 20 वटा (C) 22 वटा (D) 25 वटा

88. संस्कृत पढ्ने छात्रालाई शुल्क नलिने र सकेसम्म छात्रबृति दिई प्रोत्साहन गर्नुपर्ने सिफारिस कुन आयोगले गरेको थियो ?
(A) नेपाल राष्ट्रिय शिक्षा योजना आयोग, 2011 (B) सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति, 2018
(C) राष्ट्रिय शिक्षा आयोग, 2049 (D) उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, 2055

89. प्राचीन कालको संस्कृत शिक्षा कुन परम्परागत धर्मबाट अनुप्रेरित थियो ?
(A) वैदिक धर्म (B) वैष्णव धर्म (C) शैव धर्म (D) वौद्ध धर्म

90. लिच्छवीकालमा शिक्षा सम्वन्धी कार्य गर्ने संस्थालाई के भनिन्थ्यो ?
(A) कुथेर अधिकरण (B) अग्रहार (C) उपहार (D) प्रतिहार

91. शिक्षक शिक्षा आयोजनाले कुन तहका शिक्षकलाई तालिम संचालन गरेको थियो ?
(A) माध्यमिक तहका शिक्षक (B) निम्न माध्यमिक तहका शिक्षक
(C) प्राथमिक तहका शिक्षक (D) सबै तहका शिक्षक

92. माध्यमिक शिक्षा सहयोग कार्यक्रम अन्तर्गत संचालित तालिमको 10 महिने मोडुल कुन किसिमको थियो ?
(A) पहिलो मोडुल 2.5 महिना, दोस्रो मोडुल 5 महिना र तेस्रो मोडुल 2.5 महिना
(B) पहिलो मोडुल 5 महिना, दोस्रो मोडुल 5 महिना
(C) पहिलो मोडुल 2.5 महिना, दोस्रो मोडुल 2.5 महिना, तेस्रो मोडुल 2.5 महिना र चौथो मोडुल 2.5 महिना
(D) माथिका कुनै होइनन्

## C- 8 शिक्षा

93. वैदिककालमा शिक्षा आर्जन गरिसकेर गृहस्थाश्रममा प्रवेश गर्ने महिलालाई के भनिन्थ्यो ?
(A) ब्रम्हवादिनी (B) सत्यवादिनी (C) सद्योवधु (D) ब्रम्हचारिणी

94. विद्यालयमा पढाउने पाठ्यपुस्तकको मुद्रण प्रति (CRC) कसले तयार गर्दछ ?
(A) शिक्षा मन्त्रालय (B) पाठ्यक्रम विकाश केन्द्र
(C) राष्ट्रिय पाठ्यक्रम विकाश एवं मूल्याङ्कन परिषद् (D) जनक शिक्षा सामग्री केन्द्र

95. अंक, अक्षर लेखाइ शिक्षा पाठ्यक्रमको शुरुवात कसको पालामा भएको थियो ?
(A) जङ्गबहादुर (B) वीरशम्सेर
(C) चन्द्रशम्सेर (D) देवशम्सेर

96. "पुस्तक भएको घरमा प्राण हुन्छ" यो भनाई कसको हो ?
(A) ऋग्वेद (B) प्लेटो (C) महात्मागान्धी (D) सुकरात

97. साविकको निम्न माध्यमिक तह (कक्षा 6-8) का लागि पेशा व्यवसाय र प्रविधि शिक्षाको साप्ताहिक पाठ्यभा कति तोकिएको छ ?
(A) 3 पिरियड (B) 4 पिरियड (C) 5 पिरियड (D) 6 पिरियड

98. शिक्षाशास्त्र अध्ययन संस्थान कुन कुन निकायलाई मिलाएर स्थापना गरिएको थियो ?
(A) कलेज अफ एजुकेसन (B) प्राथमिक स्कुल र अंग्रेजी भाषा तालिम केन्द्र
(C) राष्ट्रिय व्यावसायिक तालिम केन्द्र (D) माथिका सबै

99. कलेज अफ एजुकेसनको विस्तार केन्द्र कहाँ स्थापना भएको थियो ?
(A) पाल्पा (B) विराटनगर (C) भैरहवा (D) वीरगञ्ज

100. तलकामध्ये कुन कार्यका लागि शिक्षक निर्देशिकाको प्रयोग गर्नुपर्दैन ?
(A) शिक्षण योजना निर्माण गर्न (B) शैक्षिक सामग्री र विधिको छनोट गर्न
(C) शिक्षण क्रियाकलापको चयन र मूल्याङ्कन गर्न (D) पाठ्यक्रमलाई सुधार र परीमार्जन गर्न

**~ The End ~**

**उत्तरपुस्तिकामा प्रश्नपत्रको Key अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ। उल्लेख नगरेमा उत्तरपुस्तिका रद्द हुनेछ।**